# नेपाल धितोपत्र बोर्ड समाचार

अंक २७, २८ तथा २९ (२०७६ माघ देखि २०७७ असारसम्म)

## बोर्डमा अर्थ समितिका माननीयज्यूहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

**असार ८, २०७६:** बोर्ड र अर्थ समितिका माननीयज्यूहरुको अध्ययन टोली वीच धितोपत्र बजारका समसामयिक विषयहरुमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त छलफल कार्यक्रममा धितोपत्र बजार तथा नियमन सम्बन्धमा अध्ययनका लागि अर्थ समितिका माननीय सभापति कृष्ण प्रसाद दाहाज्यूको नेतृत्वमा बोर्डमा आएको उक्त टोलीमा पुँजी बजार अध्ययन उपसमितिका संयोजक तथा अर्थ समितिका सदस्य माननीय राम कुमारी झाँक्रीज्यू, अर्थ समितिका सदस्य तथा उपसमितिका सदस्य माननीय मेटमणी चौधरीज्यू, अर्थ समितिका सदस्य तथा उपसमितिका सदस्य माननीय प्रमिला राईज्यू, अर्थ समितिका सचिव श्री सुरेन्द्र अर्यालज्यू, अर्थ समिति सचिवालयका उप सचिव श्री सिता काफ्लेज्यू रहनु भएको थियो भने बोर्डका तर्फबाट बोर्ड अध्यक्षज्यू तथा उच्च पदस्य कर्मचारीहरु रहनु भएको थियो ।



बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले हालको धितोपत्र बजारको अवस्था, बजार बन्द गर्नुपरेको कारणहरु र बोर्डका भावी कार्यक्रम तथा प्राथमिकता आदिका वारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा माननीय सदस्य मेटमणि चौधरीले धितोपत्रको दोस्रो बजारको अनलाइन कारोबारका लागि प्रयोग हुने प्रविधि र हाल दोस्रो बजार बन्द भएको विषयमा चासो राख्नुभएको थियो । यस्तै माननीय राम कुमारी झाँक्रीले धितोपत्रको दोस्रो बजारमा हुने सूचना सम्प्रेषण, लगानीकर्ताका संघ संस्थाको गतिविधिका

### यस अंकमा...

| विषय | पेज नं |
|---|---|
| १. बोर्डमा अर्थसमितिका माननीयज्यूहरुसँग छलफल | १ |
| २. धितोपत्र बजारमा भएका सुधार तथा विकास | २ |
| ३. आर्थिक वर्ष २०७६।७७ मा धितोपत्र बजारको स्थिति | ४ |
| ५. धितोपत्र बजार सम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम | |

बारेमा चासो राख्दै लगानीकर्ता संघ तथा आर्थिक पत्रकारलाई आवश्यक परे अन्य नियमन निकायसंग समेत समन्वय गर्दै आचारसहिंता लागू गर्नुपर्ने, नेपालको पुँजी बजारलाई भरपर्दो र विश्वसनीय बनाउनुपर्ने, बोर्डको संस्थागत एवं नियमन क्षमता सुदृढ गरी बोर्डलाई सबल र शसक्त नियमन निकायको रुपमा विकास गर्न प्रयास गर्नुपर्ने धारणा राख्नुभयो ।

अर्थ समितिका सभापति माननीय दाहालले नेपालको वित्तीय प्रणालीमा पुँजी बजार र यसको नियमन निकाय बोर्डको भूमिका अत्यन्त महत्वपूर्ण भएको हुनाले यसको विश्वसनीय एवं दिगो विकासका लागि कटिबद्ध भएर लाग्नुपर्ने धारणा राख्नुभयो । उहाँले धितोपत्रको प्राथमिक बजारको विकास उत्साहजनक देखिएतापनि दोस्रो बजारको विकास भने सोही गतिमा हुन नसकेको बताउनुभयो । आगामी दिनमा वास्तविक क्षेत्रका कम्पनीहरुलाई भित्रयाउन पहल गर्नुपर्ने, सार्क क्षेत्रका अन्य देशमा जस्तै नेपालको धितोपत्र बजारमा पनि विदेशी रणनीतिक साझेदार भित्रयाई बजारको स्तर अभिबृद्धि गर्नुपर्ने, पुँजी बजारलाई अन्तर्राष्ट्रिय बजारसँग आवद्ध गराउनुपर्ने, वस्तु विनिमय बजार सम्बन्धी पूर्वाधारको विकास गर्नका लागिमार्ग निर्देश गर्नुभयो साथै बजारको विकासका लागि सम्बन्धित निकायहरुको भूमिका समन्वयकारी हुनुपर्नेमा जोड दिनुभयो । उहाँले बोर्डको संस्थागत क्षमता अभिवृद्धि र धितोपत्र नियमन तथा बोर्ड सञ्चालन सम्बन्धी कानुनी अपर्याप्तता हटाई यसलाई सुदृढ गर्नका लागि समितिले पर्याप्त भूमिका निर्वाह गर्ने आश्वासन समेत दिनुभयो । बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले पुँजी बजारको विकासका लागि बोर्डले विगतमा विभिन्न उल्लेखनिय कार्यहरु गर्दै आएको र लकडाउन अवधिमा दोस्रो बजार सञ्चालनका लागि E-DIS को व्यवस्था तथा ब्रोकरले पुँजीगत लाभ कर मानवीय रुपमा सिस्टममा भर्नुपर्ने व्यवस्थाको अन्त्य गर्नुका साथै बजार सञ्चालन लगायका कार्यका लागि नेप्से, सिडिएससी लगायतका संस्थालाई आवश्यक तयारी गर्न निर्देशन दिएको बताउनुभयो ।

बोर्ड अध्यक्ष श्री ढुंगानाले हाल दोस्रो बजार सञ्चालनमा रहेका व्यवधानहरुको चर्चा गर्दै केहीको समस्या समाधान भएको र केही समाधानको क्रममा रहेको जानकारी दिनुभयो । उहाँले पुँजी बजार संवेदनशिल बजार भएको र यसको सम्बन्ध वित्तीय प्रणालीको अन्य क्षेत्रसँग पनि भएकोले सम्बन्धित निकायहरुमा समस्या समाधानका लागि अनुरोध गरेको बताउनुभयो । उहाँले पुँजी बजारको दिगो विकासको लागि बोर्ड, नेप्से, सिडिएससीको संरचनात्मक सुधार गर्नुपर्ने, नेप्सेमा विदेशी रणनीतिक साझेदार भित्रयाउनुपर्ने, धितोपत्र बजार सञ्चालन र बोर्ड सञ्चालनका लागि छुट्टाछुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले विदेशी पुँजी परिचालन गर्न र देशमा उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न बोर्डले छिट्टै प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटल सञ्चालनका लागि कोष व्यवस्थापकलाई अनुमति दिनुका साथै वस्तु विनिमय बजारको पूर्वाधार विकासका लागि बोर्डले छिटै प्रक्रिया अगाडि बढाउने बताउनुभयो । कार्यक्रममा सहभागी सवैलाई बोर्डका अध्यक्ष श्री भिष्म राज ढुङ्गानाज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले गर्नुभएको थियो ।

## धितोपत्र बजार सुधार तथा विकास गतिविधिहरु

### धितोपत्र बजार विकासका लागि लकडाउनको अवधिमा बोर्डबाट भएका प्रयासहरू

कोरोना महामारीबाट सिर्जित लकडाउनका कारण केही महिना यता धितोपत्रको दोस्रो बजार बन्द रहेकोमा नेपाल सरकारले लकडाउन केही खुकुलो बनाएको सन्दर्भमा धितोपत्र बजारमा कोरोना महामारीको असर न्यूनीकरण गर्दै हालको विषम परिस्थितिमा बजारको माग पक्षलाई समेत सम्बोधन हुने गरी बजार सञ्चालन गर्नुपर्ने आवश्यक्ता रहेकोले लगानीकर्ता तथा सम्बद्ध पक्षहरूको सुझावलाई समेत मध्यनजर गरी बजारलाई थप गतिशिल बनाउन बोर्डले देहाय बमोजिमको कार्यहरू अगाडि बढाएको थियो ।

**क) धितोपत्रको दोस्रो बजार कारोबार पूर्ण रूपमा यान्त्रिकीकरण सम्बन्धमा**

- सिडिएससीले सेयर खातामा रहेको सेयर ब्रोकरले परिक्षण गरि आदेश सम्पन्न गर्न प्रक्रिया चाल्न र E-DIS मार्फत् विद्युतीय माध्यमबाटै सेयर ट्रान्सफर हुने व्यवस्था गरिएको ।
- नेप्सेलाई बैंक खाता र सेयर खाता प्रणालीमा आबद्ध गरी सेयर लगानीकर्ताहरूलाई सुविधा प्रदान (Fully Integrated Online Service) दिने व्यवस्था तय गरी जानकारी गराउन पत्राचार गरिसकेको।
- नेप्सेबाट सबै लगानीकर्ता, ब्रोकरहरूलाई एक हप्ता अगावै सूचना र विज्ञप्ति जारी गरि बैंक खाता कनेक्ट IPS, User ID, Password आदि कारोबारको लागि चाहिने कुराहरू तयार गर्न सूचित गरिएको ।
- लगानीकर्ताहरूले २०७७ असार मसान्तसम्म सबैले मेरो सेयर खाता खोल्न, युजर आइ डि र पासवर्ड लिन कुनै पनि शुल्क नलाग्ने हुँदा बढि भन्दा बढि लगानीकर्ताले उक्त सुविधा लिन प्रोत्साहन गरिएको ।

**ख) सेयर धितोमा प्रवाह गरिने कर्जा तथा विद्युतीय रकमान्तर सीमा सम्बन्धमा**

वाणिज्य बैंकहरूबाट सेयर धितोमा प्रवाह हुने कर्जा सेयर मूल्यको ७५ प्रतिशत कायम गरिदिन, आश्विन मसान्तसम्म ऋणको साँवा ब्याज तिर्ने समय बढाउने विद्युतीय माध्यमबाट लगानीकर्ताले रकम पठाउन र प्राप्त गर्न कुनै सिमा नलाग्ने गरी व्यवस्था गरिदिन नेपाल राष्ट्र बैंकलाई पत्राचार गरिएको । नेपाल राष्ट्र बैंकबाट यो व्यवस्थामा सुधार गर्न सकरात्मक रहेको जानकारी प्राप्त भएको ।

**ग) धितोपत्र बजारको पुँजीगत लाभकरको द्विविधा स्पष्ट गरिदिने सम्बन्धमा**

व्यक्तिगत लगानीकर्ताहरूले तिरेको पुँजीगत लाभकर अन्तिम करको रूपमा मानिने व्यवस्था गरी आन्तरिक राजश्व विभागले परिपत्र जारी गरी सबै कर कार्यालयहरूलाई २०७७।०३।०४ मा जानकारी गराएको । सो पत्र जानकारीको लागि बोर्डको वेबसाइटमा समेत राखिएको ।

**घ) स्टक डिलर र संस्थागत लगानी सम्बन्धमा**

- नागरिक लगानी कोषको अगुवाईमा स्थापना हुन लागेको स्टक डिलर कम्पनीले असार महिनाभरिमा कारोबार शुरूवात गर्ने गरि कार्य भैरहेको ।
- म्युचुअल फण्ड, बीमा कम्पनी, नागरिक लगानी कोषहरूले आफ्नो लगानीयोग्य रकम सेयर बजारमा लगाउन छलफल भएको र लगानीको सीमा बढाउने पनि सकरात्मक छलफल भएको छ।

**ङ) बुक बिल्डिङ्ग विधि र ब्रोकर कमिशन सम्बन्धमा**

- सेयर निष्काशन गर्दा बुक बिल्डिङ्ग पद्धतिबाट पनि निष्काशन गर्न सक्ने व्यवस्था मिलाउन कार्यविधि तयार गरी सात दिनको समयभित्र सरोकारवालाहरूलाई कुनै सुझाव भए पेश गर्न अनुरोध गरिएको ।
- धितोपत्र दलाल व्यवसायीहरूको कमिशनका सम्बन्धमा हालको बजारको अवस्था अध्ययन गरी अन्तर्राष्ट्रिय प्रचालन समेतका आधारमा आवश्यक सुझाव पेश गर्न बोर्डका उप कार्यकारी निर्देशकको संयोजकत्वमा एक समिति गठन गरी सो समितिले दुई महिनाभित्र प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएको ।

**च) धितोपत्र दोस्रो बजार कारोबारका लागि राखिने धरौटी रकम सम्बन्धमा**

लगानीकर्ताले ब्रोकर अफिसमा राखेको २५ प्रतिशत मार्जिन रकम ब्रोकरको स्वामित्वमा रहुन्जेल त्यसको लागत वापतको रकम लगानीकर्तालाई सम्झौता बमोजिम तिर्नुपर्ने कानुनी व्यवस्था थप गरि लगानीकर्तालाई सहज हुने व्यवस्था गरिएको ।

## आर्थिक वर्ष २०७७।७८ को प्रस्तावित धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम सम्बन्धमा छलफल तथा अन्तरकृया कार्यक्रम ।

***असार १४, २०७७:*** बोर्डले मिति २०७७।०३।१४ मा आगामी आर्थिक वर्ष २०७७।७८ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम सम्बन्धमा राय सुझाव लिने उद्देश्यले वेबिनारमार्फत् छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ। बोर्डका अध्यक्ष श्री भिष्म राज ढुङ्गानाज्यूको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा बोर्डका पूर्व अध्यक्षहरू, नेप्सेका पूर्व अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत, विश्वविद्यालयका प्राध्यापकहरू, धितोपत्र व्यवसायी संघका अध्यक्षहरू, विभिन्न लगानीकर्ता संघसंस्थाका प्रतिनिधिहरू, आर्थीक पत्रकारहरूका साथै अर्थतन्त्र सम्बद्ध पक्षहरूको समेत उपस्थिति रहेको थियो । बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले स्वागत मन्तव्य दिदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको सो कार्यक्रममा बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले चालु वर्षको बोर्डको प्रगति समिक्षा, बजार सुधार तथा विकासका रणनीतिहरू र बोर्डको भावी योजना तथा प्राथमिकताका सम्बन्धमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

बोर्डका पूर्व अध्यक्ष प्रा. डा. शुरविर पौड्यालले नीति तथा कार्यक्रमहरू दोहोरिने गरेको बताउँदै बजारमा संस्थागत सुशासन अभिवृद्धि, बोर्डको संरचना परिवर्तन गर्नुपर्ने, बोर्डको आफ्नो कार्यालय भवन बनाउनुपर्ने, ट्रष्ट ऐन तर्जुमा गर्नुपर्ने, अध्ययन अनुसन्धानमा आधारित नीति बनाउनुपर्ने साथै बोर्डको संस्थागत संझना (Institutional Memory) बलियो हुनुपर्ने बताउँदै बोर्डको लागि छुट्टै ऐन बनाउने कुरा सकारात्मक रहेको बताउनुभयो । यस्तै पूर्व अध्यक्ष श्री बाबुराम श्रेष्ठले बोर्डका प्रयासहरूलाई सकारात्मक रूपमा लिदै कोरोनाले पुँजी बजारमा पारेको असरप्रति गम्भिर हुनुपर्ने बताउनुभयो । उहाँले अनलाइन कारोबार प्रणाली प्रभावकारी र विश्वसनीय हुनुपर्ने, प्राविधिक जानकारीसमेत दिने गरी वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने, पारदर्शिता अभिवृद्धि गर्नुपर्ने बताउँदै उहाँले पुँजी बजारमैत्री मौद्रिक नीति आउने समेत अपेक्षा गर्नुभयो । यस्तै बोर्डका पूर्व अध्यक्ष डा. रेवत बहादुर कार्कीले आर्थिक वर्ष २०७४।७५ मा शुरूवात भएको यस प्रकारको कार्यक्रमले निरन्तरता पाएकोमा बोर्डलाई धन्यवाद दिदैं अर्थतन्त्रको ऐनाको रूपमा रहेको बजारलाई जुनसुकै विषय परिस्थितिमा बन्द गर्न नहुने विचार व्यक्त गर्नु भयो । उहाँले बोर्डले आफ्नो क्षमता अभिवृद्धि गर्दै स्वायतत्ता हासिल गर्नुपर्ने, अन्तर्राष्ट्रिय स्तरमा प्रयोग भएको प्रविधि प्रयोगमा जोड दिनुपर्ने बताउँदै वस्तु विनिमय बजार शिघ्र सञ्चालन हुनुपर्ने तथा विशिष्टिकृत लगानी कोषको शिघ्र स्वीकृति दिनुपर्ने बताउनुभयो । उहाँले बोर्डलाई आयकर लाग्न नहुने, बोर्डको संरचना परिवर्तन हुनुपर्ने, जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्ने, प्रतिस्पर्धाका लागि अर्को स्टक एक्सचेञ्ज ल्याउनुपर्ने तथा बाणिज्य बैंकको सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिनुपर्ने धारणा राख्नुभयो ।

पुँजीबजार विज्ञ प्राध्यापक डा. राधेश्याम प्रधानले संस्थागत सुशासनमा जोड दिनुपर्ने बताउँदै नियमन निकायले अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने, बजार सम्बन्धी तथ्याङ्क बैंक बिकास गरि अध्ययन अनुसन्धान तथा लगानीका लागि सहजरूपमा तथ्याकं उपलब्ध हुने व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो भने बोर्डका पूर्व सञ्चालक श्री भोलाराम श्रेष्ठले पछिल्लो समय धितोपत्र बजारको क्षेत्र

र दायरा बढेसँगै बोर्डमा चुनौति पनि थपिदै गएकोले संस्थागत क्षमता अभिवृद्धि पहिलो आवश्यकता भएको बताउनुभयो । उहाँले नियमन निकायको हैसियतले हालको बोर्डको नाम उपयुक्त नदेखिएकोले नाम परिवर्तन गर्नुपर्ने, सूचीकृत कम्पनीको वार्षिक साधारण सभाको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक भएको, वित्तीय साक्षरतालाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो । यस्तै बोर्डका पूर्व सदस्य श्री नर बहादुर थापाले सरोकारवालाको अपेक्षाको सम्बोधन हुने गरी नीति तथा कार्यक्रम आउनुपर्ने बताउनुभयो। उहाँले पुँजी बजार अर्थतन्त्रसँग पूर्ण आबद्ध नभैसकेको हुँदा वास्तविक क्षेत्रका कम्पनी भित्र्याउन र वस्तु विनिमय बजार सञ्चालनमा विशेष प्राथमिकता दिनुपर्ने र संघीयताको अवधारणा संग पुँजी बजारलाई जोड्न आवश्यक भएको बताउनुभयो । उहाँले ऋणपत्र बजार बिना धितोपत्र बजारको पूर्ण विकास नहुने धारणा राख्दै ऋणपत्र बजारको विकासमा ध्यान दिनुपर्ने बताउनुभयो । यस्तै नेपाल राष्ट्र बैंकको पूर्व कार्यकारी निर्देशक डा. गोपाल भट्टले व्यवसायिक निरन्तरता योजनालाई कार्यान्वयन गर्नुपर्ने, वित्तीय डेरिभेटिभ्स औजारहरूको विकास गरि अभ्यासमा ल्याउनुपर्ने, हकप्रद सेयरमा हुने हकको कारोबार व्यवस्था हुनुपर्ने र सरकारको समेत प्राथमिकतामा रहेको ऋणपत्र बजारको विकासको लागि प्रभावकारी पहल गर्नुपर्ने धारणा राख्नुभयो ।



नेप्सेको पूर्व अध्यक्ष डा. नारायण प्रसाद पौडेलले बोर्ड तथा धितोपत्र बजारलाई प्रार्देशिक रूपमा विस्तार गर्नुपर्ने, संस्थागत सुशासन तथा नेप्सेको प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्ने, स्वनियमनको अवधारणा ल्याउनुपर्ने, वास्तविक क्षेत्रको प्रवेशलाई प्रोत्साहन गर्नुपर्ने लगायतका धारणा प्रस्तुत गर्नुभयो । नेप्सेको प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रसिंह साउदले विदेशी रणनीतिक साझेदार ल्याउने गरी नेप्सेको पूर्नसंरचना गर्नुपर्ने, ऋणपत्रको कारोबारका लागि प्लेटफर्म बनिसकेको यस बजारको विकासका लागि बोर्डले नेतृत्व गर्नुपर्ने र वित्तीय डेरिभेटिभ्सको कारोबारका लागि नीति तथा कार्यक्रममा समावेश गर्न उपयुक्त भएको बताउनुभयो ।

यस्तै सिडिएससीका निमित्त प्रमुख कायर्कारी अधिकृत श्री कञ्चन सापकोटाले सिडिएससीको समेत पूर्नसंरचना हुनुपर्ने, इ-भोटिङको प्लेटफर्म तथा एकिकृत केवाइसि व्यवस्थापन (Centralised KYC Management) का लागि प्राथमिकता दिनुपर्ने, सेटलमेन्ट ग्यारेन्टी फण्डको आकार बढाउनुपर्ने, बोनस सेयर दशमलवमा नआउने गरि व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभयो ।

यस्तै मर्चेन्ट बैंकर एशोसियसन अफ नेपालका अध्यक्ष श्री ध्रुव तिमल्सिनाले कानुनी व्यवस्था सुदृढ तथा अध्ययन अनुसन्धानमा आधारित हुनुपर्ने धारणा राख्दै धितोपत्र व्यवसायीको क्षेत्र, दायरा तथा कार्यहरू सम्बन्धमा स्पष्ट व्यवस्था हुनुपर्ने बताउनुभयो भने स्टक ब्रोकर एशोसिएसन अफ नेपालका अध्यक्ष श्री भरत रानाभाटले ब्रोकरको आधिकारिक प्रतिनिधी व्यवस्था कार्यान्वयनमा आउनुपर्ने, ब्रोकर डिलरको नीतिगत व्यवस्था हुनुपर्ने, लगानी व्यवस्थापन र एडभाइजरी सेवा ब्रोकरका लागि खुला हुनुपर्ने, मार्जिन कारोबारमा ब्याजदर सम्बन्धमा समन्वय हुनुपर्ने, बजारलाई अति आवश्यकिय सेवामा राख्नुपर्ने बताउनुभयो । विभिन्न लगानीकर्ता संघ संस्थाका प्रतिनिधिहरूले नीति तथा कार्यक्रम दोहोरिन नहुने, ब्रोकरेज कमिशन न्यून हुनुपर्ने, सूचना प्रवाहमा प्रभावकारिता र विश्वसनियता हुनुपर्ने, अनलाइनमा आबद्ध हुन प्रोत्साहनमुलक व्यवस्था हुनुपर्ने, टि प्लस टु लागू हुनुपर्ने बताउनुभयो।उहाँहरूले पछिल्लो समय बोर्डले देखाएको सक्रियतालाई सकारात्मक रूपमा लिदैं सूचीकृत कम्पनीको वार्षिक साधारण सभाको प्रभावकारी नियमन हुनुपर्ने, गैर आवसीय नेपाली(एनआरएन) को प्रवेशमा सहजीकरण हुनुपर्ने बताउदै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा विशेष जोड दिनुभयो । पोखरा विश्वविद्यालयका पूर्व परीक्षा नियन्त्रक डा. भरत राम ढुंगानाले म्युनिसिपल बण्डको निष्काशन तथा दोस्रो बजार विकासमा ध्यान दिनुपर्ने, संस्थागत लगानीकर्ता प्रवेश गराउनुपर्ने र विश्वविद्यालय र बोर्डको संस्थागत सम्बन्ध सबल र प्रभावकारी हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोर्ड अध्यक्ष श्री ढुङ्गानाले नेपालको पुँजी बजारको विकासका लागि आर्थिक वर्ष २०७७।७८ को बजेटमा परेका कार्यक्रमको स्मरण गर्दै बोर्डको नीति तथा कार्यक्रमका लागि प्राप्त सुझावका लागि सबैलाई धन्यवाद दिनुभयो । महामारीको रूपमा फैलिएको कोरोनाको असर, लकडाउन अवधि र लगानीकर्ताहरू प्रविधिसँग पूर्ण रूपमा नजोडिएको अवस्था र सो वातावरण समेत पूर्ण तयार नभएका कारण बजार बाध्यात्मक रूपमा बन्द हुन पुगेको बताउनुभयो।यद्यपि लकडाउन अवधिमा बजार व्यवस्थापन तथा सञ्चालनका लागि सम्बन्धित सबै निकाय र सरोकारवाला, लगानीकर्तासँग पर्याप्त छलफल पश्चात बजार सञ्चालनको लागि उपयुक्त वातावरण तयार गरेको बताउनुभयो।कार्यक्रमको समापन गर्दै बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले बोर्ड बजार कुनै पनि हालतमा बन्द हुनुहुदैन भन्ने मान्यतामा रही आएको बताउँदै कार्यक्रममा प्राप्त सुझावहरू बोर्डका लागि मार्गदर्शक भएको बताउनुभयो । कार्यक्रमको सञ्चालन बोर्डका निर्देशक श्री नारायण प्रसाद शर्माले गर्नु भएको थियो । उक्त कार्यक्रममा २८ जना वक्ताले आफ्नो धारणा राख्नु भएको थियो भने ३५ जना प्रत्यक्षरूपमा जोडिनु भएको थियो ।

## बोर्डको २८ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

***जेठ २५, २०७७:*** बोर्ड स्थापनाको २७ वर्ष पुरा गरी २८ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा बोर्डले वार्षिकोत्सव कार्यक्रमलाई वेबिनारमार्फत सम्पन्न गरेको छ । बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगानाको सभापतित्वमा आयोजित कार्यक्रको प्रमुख अतिथि माननीय अर्थ र सूचना तथा संचार मन्त्री डा. युवराज खतिवडा रहनुभएको थियो । त्यसैगरी कार्यक्रमको विशेष अतिथिमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारी तथा अतिथिहरुमा बीमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाई, नेपाल स्टक एक्सचेञ्ज लि. का प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउद, नेपाल मर्चेन्ट बैकर संघका अध्यक्ष श्री ध्रुव तिमिल्सिना र स्टक ब्रोकर एसोशियसनका अध्यक्ष श्री भरत रानाभाट रहनुभएको थियो ।




*नेपाल धितोपत्र बोर्डको वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुहुर्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू*

उक्त कार्यक्रमका प्रमुख अतिथि डा. खतिवडाले बोर्डको वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्दै बोर्ड, नेपालको धितोपत्र बजार विकास तथा सुधारमा सशक्त नियमन निकायको रुपमा अगाडि बढने अपेक्षा गर्दै बजार विकास तथा विस्तार सम्बन्धमा अगाडि बढ्न निर्देशन दिनुभयो । मन्तव्यको क्रममा उहाँले बोर्ड  हालैका दिनहरुमा थप संगठित र व्यवस्थित संस्थाको रुपमा अगाडि बढिरहेको बताउनुभयो । नेपाल सरकारको ऋणपत्र बजारको विकास तथा विस्तार, पूर्ण स्वचालित दोस्रो बजार कारोवार प्रणाली र संस्थागत लगानीकर्ताको बजार प्रवेश तथा सहभागीता बढाउनमा जोड रहेको बताउँदै ऋणपत्रको दोस्रो बजार कारोबारलाई आगामी दिनमा सकृय गराउन, पूर्ण स्वचालित कारोवार प्रणालीको विकास तथा संस्थागत लगानीकर्ताको रुपमा धितोपत्र व्यापारी (डलर) लाई बजार प्रवेश गराउनका लागि आफुले बजेटमा समेत सो नीति तथा कार्यक्रम ल्याएको समेत बताउनु भयो । धितोपत्र बजारमा साख मूल्यांकन संस्थाहरुको स्तरीकरणले नयाँ लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन सहज हुने सन्दर्भमा साख मूल्यांकन संस्थालाई थप विश्वसनीय, भरपर्दो प्रतिस्पर्धी बनाउनुका साथै यसको लागत घटाउन तर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । लकडाउन पश्चात खुल्ने धितोपत्र बजारमा तरलता ल्याउन बोर्ड तथा सम्बन्धित पक्षहरुले तरलता व्यवस्थापन, मार्जिन कारोबार सम्बन्धी व्यवस्था तथा सहज रुपमा राफसाफ हुने व्यवस्था सम्बन्धमा छलफल गर्नका लागि निर्देशन दिनुभयो । मन्तव्यकै क्रममा उहाँले सूचनाको आधारमा नै लगानीकर्ताहरुले सेयर बजारमा लगानी गर्ने हुनाले सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइ सुसूचित निर्णय गर्न सक्ने बनाउनुपर्ने बताउनुभयो । त्यसैगरी कम जोखिम लिन चाहने लगानीकर्ताहरुले सामूहिक लगानी कोषमार्फत लगानी गर्न सक्ने परिप्रेक्ष्यमा सोलाई थप व्यवस्थित गर्नका लागि निर्देशन दिनु भयो । त्यसैगरी बजारमा स्थायित्वका लागि संस्थागत लगानीकर्ताहरुको विशेष भूमिका रहने सन्र्दभमा स्टक डिलरलाई अनुमति दिंदा अस्वभाविक उतारचढाव हुनबाट रोक्न सकिने समेत बताउनुभयो । धितोपत्र बजारमा प्राइभेट इक्वीटी, भेञ्चर क्यापिटल, हेज फण्ड जस्ता संस्था तथा उपकरणहरुको प्रवेश भएतापनि लगानीकर्ताहरुमा सो सम्बन्धी ज्ञान कम रहनुका साथै वस्तु विनिमय बजार सम्बन्धमा समेत ज्ञान कमी रहेको सन्र्दभमा बोर्ड लगायतका निकायहरुले श्रव्यदृश्य, तालिम, गोष्ठी तथा अन्य प्रसारणका माध्यमबाट प्रभावकारीरुपमा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यहरु गर्नुपर्ने समेत

बताउनुभयो । कोभिड १९ पश्चातको अब विश्व अर्थतन्त्रले नयाँ मोड लिने सन्दर्भमा सार्कस्तरमा पुँजी बजारलाई विकास तथा विस्तार गर्न एक आपसमा प्राविधिक सहयोग तथा सहकार्य गर्न आवश्यक देखिएको समेत बताउनुभयो ।




*कार्यक्रममा सहभागी रहनुभएका विभिन्न निकायका पदाधिकारीज्यूहरु*

कार्यक्रमका सभापति तथा बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूले बोर्डको कार्य प्रगति विवरण र आगामी दिनमा बोर्डका प्राथमिकतासहितको भनाई राख्नुभएको थियो । उहाँले नेपाल सरकारले गरेको लकडाउन तथा कारोनाको थप संत्रास र अनलाइन कारोवार प्रणालीमा सम्लग्न लगानीकर्ताको संख्या न्यून रेहका कारणबाट हाल धितोपत्र बजार बन्द रहेकोमा बोर्ड नेप्से, सिडिएससि, धितोपत्र व्यवसायी र लगानीकर्ताहरुसँग के कसरी सहजरुपमा कारोबार संचालन गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिरहेको बताउनुभयो । बोर्डबाट यस आर्थिक वर्षमा धितोपत्र सम्बन्धी नियमावलीहरुमा संशोधन गरी समसामयिक बनाइएको, सूचना प्रविधि नीति लागू गरिएको, नयाँ उपकरणको रुपमा खुलामुखी सामूहिक लगानी योजना ल्याउनुका साथै लगानीकर्ता साक्षरता अभिवृद्धि सम्बन्धी कार्यहरु सञ्चालन गरिएको र लगानीकर्ताहरुको लगानी अवसर बढाउन वस्तु विनिमय बजार संचालनका लागि अनुमति दिने र भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटी सञ्चालन अनुमति दिने प्रकृया अगाडि बढाइएको समेत जानकारी दिनुभयो । मन्तव्यकै क्रममा बोर्ड अध्यक्षज्यूले बोर्डले आगामी आर्थिक वर्षमा धितोपत्र तथा वस्तु विनिमय बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउँदै लैजाने, सूचना प्रविधिको प्रयोग बढाई बजार तथा नियमन कार्यलाई प्रभावकारी बनाउने, संस्थागत क्षमता अभिवृद्धि गर्ने, कानुनी संरचनाको विकास तथा सुदृढीकरण गर्ने, बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गर्नुका साथै दोस्रो बजारको संरचनात्मक सुधार लगायतका कार्यहरुलाई प्राथमिकता दिई कार्य गर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको विशेष अतिथि नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूले शुभकामना मन्तव्य दिदै वित्तीय क्षेत्रको विकास सँगसँगै यसको स्थायित्वमा यस क्षेत्रका नियमन निकायहरु सफल हुने विश्वास आफुले लिएको बताउनुभयो । हालको धितोपत्र बजारको संस्थागत, संरचनागत र नीतिगत विषयहरु हेर्दा यसको दायरा बढनुका साथै यो बजार आधुनिकीकरण तर्फ उन्मुख रहेको भनाइ राख्नुभयो । नेपालको वित्तीय बजारलाई परिपक्व तथा विश्वसनीय बनाउका लागि नियमन निकायहरुले अझै मेहनत गर्नुपर्ने औल्याउनुभयो । साथै मुद्रा बजार तथा पुँजी बजार विकास हुने क्रममा रहेको सन्दर्भमा यी बजारको विकास सँगसँगै देशको अर्थतन्त्रको

विकासमा समेत सघाँउ पुगिरहेको धारण समेत राख्नुभयो । हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारणले वित्तीय क्षेत्रमा आत्मबल कमजोर हुन पुगेको सन्दर्भमा यस क्षेत्रका नियमन निकायहरु एकीकृत रुपमा अगाडि बढी समग्र वित्तीय प्रणालीमा सहभागीहरुको आत्मबल उकास्न लाग्नु पर्ने समेत बताउनुभयो ।

कार्यक्रमका अतिथि बीमा समितिका अध्यक्ष श्री चिरञ्जिवी चापागाईले सो अवसरमा शुभकामना व्यक्त गर्नुहुदै बोर्डले प्राथमिक बजारमा आस्वा प्रणाली लागू गरी लगानीकर्तालाई सहज रुपमा सेयर आवेदन गर्न सक्ने व्यवस्था गरी सराहनीय कार्य गरको बताउनुभयो । त्यसैगरी उहांले प्राथमिक बजारमा जस्तै बोर्डले धितोपत्रको दोस्रो बजारलाई समेत पूर्ण स्वचालित बनाउने कार्यमा समन्वय तथा सहजीकरण गर्नुपर्ने बताउँदै वास्तविक क्षेत्रका कम्पनीहरुलाई बजारमा भित्र्याउन र बीमा कम्पनी जस्ता दीर्घकालीन बचत परिचालन गर्ने संस्थाहरु ठूलो रकम कोषको रुपमा रहेकोले उक्त बचत धितोपत्र बजारमा लगानी गर्न सक्ने अवसर उपलब्ध गराउन विशेष ऋणपत्र लगायतका अल्पकालीन उपकरणहरु सञ्चालन व्यवस्थाका लागि थप कार्य गर्नुपर्ने समेत भनाई राख्नुभयो । त्यसैगरी कोभिड-१९ का कारण उत्पन्न समस्या समाधानका लागि नियमन निकायहरुबीच समन्वय जरुरी रहेको समेत बताउनुभयो ।

नेपाल स्टक एक्सचेञ्ज लि. का प्रमुख कार्यकारी अधिकृत तथा कार्यक्रमका अतिथि श्री चन्द्र सिंह साउदले बजार संचालकको रुपमा रहेको नेप्सेले सदैव बोर्डको निर्देशन र समन्वयमा कार्य गरिरहेकोमा आगामी दिनहरुमा समेत सोही अनुसार कार्य गर्ने बताउनुभयो । त्यसैगरी उहाँले हालको नेप्सेको कारोबार प्रणालीमा ऋणपत्रको कारोबार हुन सक्ने व्यवस्था गरिसकेको जनाउँदै इक्विटी डेरिभेटिभ्सको संचालनका लागि आवश्यक अध्ययन तथा छलफल भैरहेको समेत जानकारी गराउनु भयो ।




*कार्यक्रममा बोर्डमा २० वर्ष अवधि पुरा गरेका दीर्घ सेवा पदक प्राप्त गर्नुभएका कर्मचारीहरु*

कार्यक्रममा अतिथि रहनुभएका नेपाल मर्चेन्ट बैकर संघका अध्यक्ष श्री ध्रुव तिमिल्सिना र स्टक ब्रोकर एसोशियसनका अध्यक्ष श्री भरत रानाभाटले धितोपत्र बजार सहभागीहरु नियमन निकायको निर्देशनमा यसको सुधार तथा विकासका लागि निरन्तर सहकार्य गर्न

तत्पर रहेको भनाइ राख्नुभयो । उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री परीष्टनाथ पौड्यालले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सहजीकरण बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले गर्नुभएको थियो । साथै कार्यक्रममा बोर्डमा २० वर्ष अवधि पुरा गरेका कर्मचारी क्रमशः उप कार्यकारी निर्देशक डा.नवराज अधिकारी, का.मु निर्देशक श्री सुरज प्रधानांग र सहायक निर्देशक श्री नवराज पण्डितलाई बोर्डका अध्यक्षज्यूबाट दीर्घ सेवा पदक प्रदान गरिएको थियो भने उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्ड वार्षिकोत्सव लेख विशेषांक, २०७७ को विमोचन समेत गरिएको थियो । उक्त कार्यक्रमको लाईभमा कूल ८,८२४ सरोकारवालापक्षहरुको प्रत्यक्ष सहभागिता रहेको थियो ।

### धितोपत्र दलाल व्यवसायी समक्ष कारोवारका लागि राखेको धरौटी (मार्जिन) रकममा प्रतिफल प्रदान गर्ने व्यवस्था

धितोपत्रको दोस्रो बजारमा कारोवार गर्दा लगानीकर्ताले धितोपत्र दलाल व्यवसायीलाई बुझाउनुपर्ने २५ प्रतिशत धरौटी रकममा प्रतिफल नपाएको सम्बन्धमा लगानीकर्ताहरुबाट गुनासो प्राप्त भएकोले लगानीकर्ताले धितोपत्र दलाल व्यवसायीलाई बुझाउने धरौटी रकममा सृजित हुने दायित्व तथा प्रतिफलका सम्बन्धमा लगानीकर्ता तथा धितोपत्र दलाल व्यवसायी बीच हुने सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था समेटि धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को संशोधनको स्वीकृति बोर्डले प्रदान गरेको छ । यस व्यवस्थासँगै धितोपत्र कारोवारका लागि लगानीकर्ताले राखेको धरौटी रकममा प्रतिफल प्राप्त हुने/नहुने सन्दर्भमा कायम रहेको अन्यौलता हटेको छ ।

## आर्थिक वर्ष २०७६।७७ को धितोपत्र बजारको स्थिति

*समीक्षा वर्षमा धितोपत्रको समष्टिगत बजार (प्राथमिक र दोस्रो) को गतिविधि मिश्रित रहेको छ । यस आर्थिक वर्ष को समग्र धितोपत्र बजारको अवस्थालाई हेर्दा कोभिड-१९ को संक्रमणका कारण धितोपत्र बजारसमेत प्रभावित भएको अवस्था रहेको छ । प्राथमिक बजारतर्फ प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र तथा सामूहिक लगानी योजना गरी सबै निष्काशन अनुमति रकममा कमी आएको छ भने यस आर्थिक वर्षमा थप निष्काशन अनुमति प्रदान गरिएको छैन । धितोपत्रको दोस्रो बजारको विभिन्न परिसूचकहरु जस्तैः धितोपत्रको वार्षिक कारोबार, कारोबार भएको सेयर संख्या, कारोबार संख्या, धितोपत्रको बजार पुँजीकरण, नेप्से सूचकांक आदिमा भने सुधार आएको छ ।*

### आर्थिक वर्ष २०७६।७७ को धितोपत्र प्राथमिक बजारको अवस्था


कोभिड-१९ महामारीका कारणबाट उत्पन्न विषम परिस्थितिले गर्दा नेपाल सरकारबाट आर्थिक वर्ष २०७६।७७ को अन्तिम चौमास देखि लकडाउनका कारण सबै प्रकारका आर्थिक गतिविधिहरु ठप्प हुँदा यसको असर धितोपत्रको प्राथमिक बजारमा समेत परेको छ । कोभिड-१९ को बढ्दो संक्रमणका बीच संगठित संस्थाहरुले सर्वसाधारणमा सेयर जारी गर्न नखोज्नु तथा जलविद्युत कम्पनीको सेयर निष्काशनमा लगानीकर्ताको चासो कम हुदै जानु जस्ता कारणहरुले सार्वजनिक निष्काशनमा भने केही कमी आएको छ । आर्थिक वर्ष २०७६।७७ मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.३ अर्ब ९९ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु.४ अर्ब ४१ करोड, ऋणपत्र निष्काशनतर्फ रु.२३ अर्ब ४५ करोड र म्युचुअल फण्डतर्फ रु. १ अर्ब ८० करोड गरी कुल रु. ३३ अर्ब ६५ करोड रुपैयाँ बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको रु. ४९ अर्व ७६ करोडको तुलनामा ३२ प्रतिशतले कमी हो । गत आर्थिक वर्षमा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.७ अर्ब ३५ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु. ५ अर्ब ८८ करोड,

ऋणपत्र निष्काशनतर्फ रु.२९ अर्ब ९८ करोड र म्युचुअल फण्डतर्फ रु.६ अर्ब ५५ करोड गरी कुल रु.४९ अर्व ७६ करोड रुपैयाँ बराबरको पुँजी परिचालन भएको छ। विगत तीन आर्थिक वर्षको प्राथमिक बजारको अवस्था तालिका-१ तथा चार्ट-१ मा प्रस्तुत गरिएको छ।

**तालिका १**
**धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्यांकमा आधारित)**

| क्रस | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७५/७६ | २०७६/७७ | २०७५/७६ | २०७६/७७ |
| १ | प्राथमिक निष्काशन | २१ | ८.३ | २८ | ७.३५ | ९ | ३.९९ | ३३.३ | -६७.९ | -११.४ | -४५.७ |
| २ | हकप्रद निष्काशन | ५५ | २५.७ | १९ | ५.८८ | ११ | ४.४१ | -६५.५ | -४२.१ | -७७.१ | -२५.० |
| ३ | थप निष्काशन | ६ | ११.५ | - | - | - | - | - | - | - | - |
| ४ | ऋणपत्र निष्काशन | १ | ३ | १२ | ३० | १२ | २३.४५ | ११००.० | ०.० | ८९९.३ | -२१.८ |
| ५ | म्युचुअल फण्ड | ४ | ४.८ | ६ | ६.५५ | २ | १.८ | ५०.० | -६६.७ | ३६.५ | -७२.५ |
| **जम्मा** | | **८७** | **५३.३** | **६५** | **४९.८** | **३४** | **३३.६५** | **-२५.३** | **-४७.७** | **-६.६** | **-३२.४** |
| ६ | बोनस सेयर | ११२ | ३३.१ | ९४ | २६.७ | ९९ | ३३.६८ | -१६.१ | ५.३ | -१९.३ | २६.१ |
| | **जम्मा बोनस सेयर सहित** | **१९९** | **८६.४** | **१५९** | **७६.५** | **१३३** | **६७.३३** | **-२०.१** | **-१६.४** | **-११.५** | **-११.९** |

**चार्ट १ धितोपत्रको प्राथमिक निष्काशन रकम**




## आर्थिक वर्ष २०७६।७७ को धितोपत्र दोस्रो बजारको अवस्था

धितोपत्रको दोस्रो बजार परिसूचक आर्थिक वर्ष २०७६।७७ मा कोभिड-१९ को विश्वब्यापी महामारीको अवस्थामा नेपाल सरकारबाट मिति २०७६।१२।११ देखि लागू गरिएको लकडाउनका कारण बन्द भएको धितोपत्रको दोस्रो बजार नेपाल सरकारबाट अत्यावश्यक क्षेत्रलाई संचालनमा ल्याउने निर्णय भए अनुसार मितिः २०७७ वैशाख ३० र ३१ गते संचालन भएकोमा पुनः लकडाउन कडा हुँदा बजारमा लगानीकर्तालाई कारोबारको लागि सहजता नभएको हुँदा धितोपत्रको दोस्रो बजार पुनः २०७७ जेठ मसान्तसम्म बन्द गरिएको थियो। धितोपत्रको दोस्रो बजार अनलाईनमार्फत कारोबार हुन सक्ने गरी नेपाल धितोपत्र बोर्डले व्यवस्था गर्न लगाए पश्चात् २०७७ असार १५ गते देखि पूनः संचालनमा आएको छ। उक्त महामारी पश्चात् धितोपत्रको दोस्रो बजारमा मिश्रित प्रभाव परेको देखिन्छ । समीक्षा वर्षमा धितोपत्र कारोबार रकम, औसत दैनिक कारोबार, कारोबार संख्या, बजार पुँजीकरण, बजार परिसूचक जस्ता

सूचकांकहरुमा बढेका छन् । समीक्षा वर्षमा नेप्से सूचकांक १३६२.३६ बिन्दु कायम भएकोमा फ्लोट सूचकांकमा ९५.४७ बिन्दु कायम भएको छ। त्यसैगरी समीक्षा अवधिमा दोस्रो बजारको बजार पुँजीकरण रु.१७ खर्ब ९२ अर्ब ७६ करोड पुगेको छ।


विगत तीन आर्थिक वर्षको धितोपत्रको दोस्रो बजार तालिका-२.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २**
**धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्यांकमा आधारित)**

| क्र.स. | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशन | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७५/७६ | २०७६/७७ |
| १ | सूचीकृत कम्पनी | संख्या | १९६ | २१५ | २१२ | ९.६९ | -१.४० |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोडमा | ३५९.८७ | ४२०.६६ | ४८२.७६ | १६.८९ | १४.७६ |
| ३ | सूचीकृत कम्पनीको चुक्ता मूल्य | रकम रु. अर्बमा | ३५२.१ | ४१२.२८ | ४७३.३९ | १७.०९ | १४.८२ |
| ४ | धितोपत्रको वार्षिक कारोबार | रकम रु. अर्बमा | १२१.३९ | ११०.०७ | १५०.०३ | -९.३३ | ३६.३० |
| ५ | कारोवार दिन | दिन | २३३ | २४६ | १८२ | ५.५८ | -२६.०२ |
| ६ | औसत दैनिक कारोवार रकम | रकम रु. करोडमा | ४३.१७ | ४३.५ | ८२.४४ | ०.७६ | ८९.५२ |
| ७ | कारोवार भएको कुल सेयर संख्या | करोडमा | २९.३८ | ३८.७५ | ४२.८५ | ३१.८९ | १०.५८ |
| ८ | कारोवार संख्या | संख्यामा | १३१०१३८ | १४२२७९१ | १८४८७७३ | ८.६० | २९.९४ |
| ९ | सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रकम रु. अर्बमा | १४३५.१४ | १५६७.५ | १७९२.८ | ९.२२ | १४.३७ |
| १० | फ्लोट बजार पुँजीकरण | रकम रु. अर्बमा | ४८३.९ | ५५८.२५ | ६३८.०९ | १५.३६ | १४.३० |
| ११ | बजार पुँजीकरणमा कारोवार | प्रतिशतमा | ८.४६ | ७.०२ | ८.३७ | -१६.९८ | १९.१८ |
| १२ | फ्लोट बजार पुँजीकरणमा कारोबार | प्रतिशतमा | २५.०९ | १९.७२ | २३.५१ | -२१.४० | १९.२५ |
| १३ | नेप्से सूचकांक | विन्दुमा | १२१२.३६ | १२५९ | १३६२.७ | ३.८५ | ८.२३ |
| १४ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | ८७.१५ | ९२.४३ | ९५.३७ | ६.०६ | ३.१८ |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट-२ मा प्रस्तुत गरिएको छ।



## धितोपत्र बजारसम्बन्धी जानकारी/प्रशिक्षण कार्यक्रम

बोर्डबाट उपत्यका बाहिर तथा गत आर्थिक वर्ष देखि काठमाडौं उपत्यकामा शुरुवात गरिएको धितोपत्र बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिने क्रममा २०७७ फागुन सम्म बोर्डको कार्यालयमा संचालन गरिएकोमा कोभिड-१९ का कारण उत्पन्न विषम परिस्थितिका कारण जुम मार्फत संचालन गर्दै आईरहेको छ । यस अवधिमा ७ वटा कार्यक्रम मार्फत करिब ७०० जना लगानीकर्ताहरुलाई धितोपत्र बजारका विविध पक्षहरुका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।

***

**प्रमुख सल्लाहकार**
**श्री भिष्मराज ढुङ्गाना**

**सल्लाहकार**
**श्री निरज गिरी**

**सम्पादक**
**डा. नवराज अधिकारी**

**सह सम्पादक**
**श्री नारायण प्रसाद शर्मा**

**सहायक सम्पादक**
**श्री हरि प्रसाद भुसाल**

**प्रकाशकः**
**नेपाल धितोपत्र बोर्ड**
**सुपरिवेक्षण तथा अनुसन्धान विभाग**
**नीति, अनुसन्धान तथा योजना महाशाखा**
पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर ।
फोनः ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२
फ्याक्सः ०१- ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०-०१-४४४३३
वेबसाइट : http://www.sebon.gov.np
इ-मेलः support@sebon.gov.np